संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६५ वैशाख ४**

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा ज्योति साङ्घेरालाई उप-प्रतिनिधिका रूपमा स्वागत

उच्चायुक्तको कार्यालय-नेपाल संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तकी नेपालस्थित उप-प्रतिनिधि ज्योति साङ्घेराको आगमनको घोषणा गर्न चाहन्छ।

यहाँ आउनुअघि साङ्घेरा श्रीलङ्कामा उच्चायुक्तको कार्यालयका वरिष्ठ मानवअधिकार सल्लाहकार हुनुहुन्थ्यो। उहाँले बेचबिखन तथा आप्रवाससम्बन्धी सल्लाहकारका रूपमा उच्चायुक्तको कार्यालय जेनेभामा पनि पाँच वर्ष काम गर्नुका साथै बेचबिखन तथा आप्रवाससम्बन्धी वरिष्ठ सल्लाहकारका रूपमा युनिसेफसँग दक्षिण एसिया तथा न्युयोर्कमा र नयाँ दिल्लीस्थित यूएनडीपीको क्षेत्रीय कार्यालयमा काम गर्नुभएको छ।

साङ्घेराले विगत तीन दशकदेखि महिला, आप्रवासी तथा भेदभावमा परेका अन्य समुदायहरूसँग सम्बन्धित मानवअधिकारका मुद्दाहरूमा उत्तर अमेरिका तथा एसियाका प्रमुख गैससलगायतसँग काम गर्नुभएको छ। बर्कलेस्थित क्यालिफोर्निया विश्वविद्यालयबाट विद्यावारिधि गर्नुभएकी उहाँले क्यानाडास्थित भिक्टोरिया विश्वविद्यालयको महिला अध्ययन विभागमा केही वर्ष अध्यापन गर्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org